# कोकाकोलाद्वारा नारायणी मोडेल स्कुललाई सहयोग



**काठमाडौं/मस-** स्प्लास नेपालको कार्यान्वयन टिमसँग मिलेर कोका-कोला बेभरेज नेपालले चितवनको नारायणी मोडेल माविलाई रेन वाटर हार्भेस्टिङ, ग्राउन्ड वाटर रिचार्ज र स्वच्छ खानेपानी आयोजना हस्तान्तरण गरेको छ। २०८० भाद्रमा सुरु भएको यस परियोजना यही १८ असोजमा वडा नम्बर १० का अध्यक्ष परमेश्वर खनालको उपस्थितिमा नारायणी मोडेल माध्यमिक विद्यालयमा आयोजित एक कार्यक्रममा हस्तान्तरण सम्पन्न भएको छ। ३८०० भन्दा बढी विद्यार्थी सहितको चितवनको सबैभन्दा ठूलो नमूना सामुदायिक विद्यालय नारायणी मोडेल सेकेन्डरी स्कूलमा दैनिक गतिविधिहरूका लागि पानीको अत्याधिक आवश्यकता पर्दछ। परियोजना मार्फत् पिउने पानीका लागि १२ बोतल फिलरका ट्याप र ८ वटा बबलर फसेट ट्याप सहित दुईवटा यूएफ फिल्टर सिस्टम जडान गरिएको थियो। साथमा डुअल स्पाउट सहित ४ वटा बाटर स्टेसन पनि जडान गरिएको थियो। यस प्रणालीले विद्यार्थी र विद्यालय सदस्यहरू सहित ५०० भन्दा बढी व्यक्तिहरूलाई लाभान्वित गर्ने जनाइएको छ। परियोजना मार्फत् सम्भावित पानी रिचार्जको अपेक्षित मात्रा भने वार्षिक १८ लाख लिटर अनुमान भएको छ।

साथमा बाल क्लबहरू सिर्जना गरी पनि सेभेन फ्याट्स (सेभेन फ्ल्याग अप्रोच फर टोटल स्यानिटरी प्रोग्राम) सञ्चालन गरिएको थियो। बाल क्लबका सदस्यहरुलाई स्कुल वास प्रोग्रामबारे तालिम प्रदान गरिएको थियो। यस कार्यक्रमको लक्ष्य भनेको नेपाल सरकारले विद्यालयमा रहेको वास इन्फ्रास्ट्रकचरमा आधारित विद्यालयलाई प्रदान गरिने रेटिङमा विद्यालयलाई ३ ताराको स्ट्याटस प्राप्त गर्न मद्दत पुर्‍याउनु थियो। त्यसैगरी विद्यालयद्वारा फिल्ट्रेसन प्रणाली मर्मत सम्भारका लागि तालिम पनि दिइएको थियो।

नारायणी मोडेल माध्यमिक विद्यालयका प्रधानाध्यापक रामशरण दुवाडीले भने, 'हाम्रो विद्यालय परिसरमा भरपर्दो र दिगो खानेपानी आपूर्ति स्थापना गरेकोमा हामी कोका-कोला बेभरेज नेपालप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छौं, हाम्रा विद्यार्थी, शिक्षक र कर्मचारीहरूको जीवनमा परिवर्तन ल्याउनु भएकोमा धेरै धेरै धन्यवाद, हामी आशा गर्छौं कि जमिनमा रिचार्ज हुने पानी र आपूर्ति गरिने पिउने पानीले प्रकृति र यहाँका विद्यार्थीलाई सकारात्मक रुपले फरक पार्नेछ। साथमा समुदायलाई पानीको मामिलामा अहिले र भविष्यका लागि थप लचिलो बनाउनेछ।'

कोका-कोला बेभरेज नेपालका एमडिजी दीपक सेन्थिल नाथले भने, 'वाटर स्टेवार्डशिप हाम्रो दिगोपन प्रयासहरूको प्रमुख स्तम्भहरू मध्ये एक हो, नारायणी मोडेल माध्यमिक विद्यालय भरतपुरको समुदायको हिस्सा हो जहाँ हाम्रो दोस्रो प्लान्ट पनि छ, हामी आशा गर्छौं कि जमिनमा रिचार्ज हुने पानी तथा आपूर्ति गरिने पिउने पानीले प्रकृति र यहाँका विद्यार्थी दुवैलाई सकारात्मक तरिकाले फरक पार्नेछ, साथमा हाम्रो समुदायलाई पानीका लागि थप लचिलो बनाउनेछ भन्नेमा हामी विश्वस्त छौं।'

# प्रभु क्यापिटलद्वारा प्रशिक्षण कार्यक्रम सञ्चालन



**काठमाडौं/मस -** प्रभु क्यापिटल लिमिटेडले विश्व लगानीकर्ता सप्ताह-२०२३ को अवसरमा नेपाल धितोपत्र बोर्ड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको सहकार्यमा आइतबार दुई दिने शेयर लगानी तथा जनचेतनामूलक तालिम कार्यक्रमको आयोजना गरेको छ। कास्की जिल्लाको ग्रामीण भेग बिरेठाटीमा आयोजित तालिममा करिब २०० जनाको सहभागिता थियो। कार्यक्रममा प्रभु क्यापिटलका चिफ बिजनेस अफिसर तथा कम्पनी सचिव बासु थपलियाले समन्वय गरेका थिए भने प्रभु क्यापिटल लिमिटेडको कोष व्यवस्थापनका स्कीम म्यानेजर सौगात पन्तले लगानी सम्बन्धी प्रशिक्षण दिएका थिए।

प्रशिक्षणमा नेपाल धितोपत्र बोर्डका निर्देशक शंकरप्रसाद रिमालले धितोपत्र बोर्डको स्थापनादेखि हालसम्मको जानकारी, शेयर बजार, प्राथमिक तथा दोश्रो बजार सम्बन्धी आधारभुत कुराहरु, नियमाक निकायको शेयर सम्बन्धी धारणा, शेयर बजारमा उपलब्ध भएका उपकरणहरुको जानकारी, कम्पनीहरुको आधारभूत तथा प्राविधिक विश्लेषणका सम्बन्धमा सामान्य जानकारी, लगानी विविधीकरण बारे जानकारी दिएका थिए। सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडका सहायक प्रबन्धक तथा सूचना अधिकृत सुरेश न्यौपानेले आस्बा, सिआस्बा, मेरो सेयर एप सम्बन्धी जानकारी, आईपीओमा आवेदन गर्दा ध्यानदिनुपर्ने कुराहरु, ईडीआईएस तथा केन्द्रिकृत केवाईसीको सम्बन्धमा जानकारी, भौतिक प्रमाणपत्रको डिम्याट गर्ने प्रक्रिया, लगानी गर्दा आफनो अवस्था विश्लेषण गरी लगानी गर्ने जस्ता विषयमा प्रकाश पारेका थिए।

कार्यक्रमका सहभागीहरुले वर्तमान शेयर बजारमा लगानीकर्ताहरुको प्रवेशका लागि आवश्यक विषयहरु समेटिएको यो तालिम ज्यादै उपयोगी रहेको तथा शेयर बजार सम्बन्धी लगानीको पर्याप्त सचेतनाका लागि यस्तो प्रशिक्षण तथा सचेतना कार्यक्रम निकै प्रभावकारी भएको बताएका थिए। कम्पनीले समय-समयमा शेयर लगानीमा सचेतना अभिवृद्धिका लागि शेयर तथा पुँजी बजारसँग सम्बन्धित तालिम, कार्यशाला तथा सचेतना कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ।

# सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सको अभिकर्ता अभिमुखीकरण कार्यक्रम सम्पन्न



**काठमाडौं/मस -** सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सले बिर्तामोड र इटहरी छेत्रको संयुक्त रुपमा अभिकर्ता अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ। तीन सय जना भन्दा बढी अभिकर्ताको उपस्थिति भएको उक्त कार्यक्रममा कम्पनीले आर्थिक वर्ष २०७९/८० मा विभिन्न विधामा उत्कृष्ट कार्य सम्पादन गरी सम्बन्धित क्षेत्रहरूमा उत्कृष्ट तिनमा पर्न सफल अभिकर्ताहरूलाई तालिम तथा सम्मान प्रधान गरेको हो। उच्च व्यवस्थापन समितिको तर्फबाट डेपुटी सिईओ निराजन कंडेलको सहभागितामा आयोजना कार्याक्रम आयोजना गरिएको थियो। कार्यक्रममा चिफ बिजनेस अफिसरहरू गुनराज श्रेष्ठ र सूर्य गुप्ता तथा छेत्रिय प्रबन्धक जितेन्द्र छेत्री लगायत शाखा प्रबन्धकहरुको उपस्थिति रहेको कम्पनीले जनाएको छ।

कम्पनीका डेपुटी सिईओ निराजन कंडेलले कम्पनीले अहिलेसम्म गरेका प्रगतिको विवरण, भविष्यमा अंगाल्ने रणनीति र सुशासनको महत्वबारे प्रकाश पारेका थिए। साथै कम्पनीका चिफ बिजनेस अफिसरहरूले अभिकर्ताको सीप विकास र आत्मनिर्भरता वृद्धि गर्न आवश्यक विभिन्न शीर्षकमा अन्तरक्रिया र तालिम प्रधान गरेका थिए। अभिकर्ता पेशामा सफलता प्राप्त गर्नको लागि निरन्तर सिकाइ र सम्मानको आवश्यक पर्ने हुँदा कम्पनीले देशैभरी यस्तो खालको कार्यक्रमको आयोजना गरिरहेको छ भने उक्त कार्यक्रममा भाग लिएर अभिकर्ताले उच्च लाभ लिएको कम्पनीको दाबी छ।

## घ्याङलेख गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

हायुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आसयको सूचना

(सूचना प्रकाशित मिति २०८०/०६/२३)

यस घ्याङलेख गाउँपालिकाको कार्यालय हायुटार सिन्धुलीले निर्धारित मिति भित्र दर्ता भएका बोलपत्र दाताहरुले तपसिल बमोजिम कार्य सम्बन्धी बोलपत्र मार्फत आह्वानबारे सूचना प्रकाशित भएबमोजिम पेश भएका बोलपत्रहरु मध्ये तपसिलको बोलपत्रदाता न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएकाले स्वीकृतिको लागि छनौट गरि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सम्पुर्णमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मू.अ. कर सहित) |
|---|---|---|---|---|
| 1 | GHRM/Sindhuli/Works/ NCB/01/2080/081 | Chandanpur-Salle-Kerabari-Gairi-Bhaise-Bastipur-Satdobato Samma Sadak Nirman | Dube Dhanamana Nirmana Sewa Ka.Na.Pa.-2 Sindhuli | Nrs. 1,51,88,300.71 |
| 2 | GHRM/Sindhuli/Works/ NCB/02/2080/081 | Rambhede-Jugepani Sadak Yojana | Dube Dhanamana Nirmana Sewa Ka.Na.Pa.-2 Sindhuli | Nrs. 1,65,92,847.77 |
| 3 | GHRM/Sindhuli/Works/ NCB/03/2080/081 | Bandipur-Gope-Majhuwa Sadak Yojana | Dube Dhanamana Nirmana Sewa Ka.Na.Pa.-2 Sindhuli | Nrs 1,32,98,200.08 |
| 4 | GHRM/Sindhuli/Works/ NCB/04/2080/081 | Construction of Health Unit Lapse-3 Ghyanglekh | Champadevi pradika Construction Champadevi-6, Okhaldhunga | Nrs 21,04,273.94 |
| 5 | GHRM/Sindhuli/Works/ NCB/05/2080/081 | Construction of Health Unit Lapse-4 Ghyanglekh | Champadevi pradika Construction Champadevi-6, Okhaldhunga | Nrs 21,20,253.50 |
| 6 | GHRM/Sindhuli/Works/ NCB/06/2080/081 | Construction of Safe House | Champadevi pradika Construction Champadevi-6, Okhaldhunga | Nrs 41,24,500.83 |

वागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

## बकुलहर रत्ननगर अस्पताल

रत्ननगर -२, चितवन,
बागमती प्रदेश, नेपाल

### बोलपत्र आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०६/२३)

यस बकुलहर रत्ननगर अस्पताल, रत्ननगर २, चितवनमा आ.व. २०८०/०८१ का लागि तपशिल बमोजिमका सामान वोलपत्रको माध्यमवाट खरिद गर्नुपर्ने भएकोले मु.अ.करमा दर्ता भएका ईच्छुक इजाजत प्राप्त निर्माता, फर्म, सप्लायर्स तथा व्यवसायीहरुले रितपूर्वकको बोलपत्र सार्वजनिक खरिद अनुगमन कार्यालयको Website: www.bolpatra.gov.np/egp मार्फत पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै वोलपत्र सम्बन्धि अन्य विस्तृत जानकारी सूचना शर्तहरु वोलपत्र साथ संलग्न राखिएको व्यहोरा जानकारी गराइन्छ।

तपसिल :

| सि.न. | ठेक्का सूचना नं. | विवरणा | बोलपत्र जमानत रु | बोलपत्र दस्तुर रु | बोलपत्र खरिद गर्ने मिति र समय | वोलपत्र विट गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १. | BRH/NCB/ GOODS/ 03/080/81 | CARTIUM ELECTRLYTE ANALYSER को लागि अत्यावश्यक रियाजेंट खरिदको लागि | १७३२५। | ३०००। | ३०औं दिनको बैंकिङ्ग समय भित्र | ३१औं दिनको १२.०० बजे भित्र | ३१ औं दिनको १३.०० बजे पछी |
| २. | BRH/NCB/ GOODS/ 04/080/81 | CAGULATION ANALYSER मेशिनमा लाग्ने केमिकल्स सामान वोलपत्रको माध्यमवाट खरिद | १२७६४। | ३०००। | ३०औं दिनको बैंकिङ्ग समय भित्र | ३१औं दिनको १२.०० बजे भित्र | ३१ औं दिनको १३.०० बजे पछी |
| ३. | BRH/NCB/ GOODS/ 05-2080.81 | वायोकेमेष्ट्रि एनालाइजर (ERBA XL 200) मेशिनमा लाग्ने ल्याव केमिकल्स | १२४९५९। | ३,०००। | ३०औं दिनको बैंकिङ्ग समय भित्र | ३१औं दिनको १२.०० बजे भित्र | ३१ औं दिनको १३.०० बजे पछी |
| ४. | BRH/NCB/ GOODS/ 06-2080.81 | GOLDSITE MODEL GPP 100 मेशिन को लागि आवश्यक केमिकल तथा सामाग्रीहरु खरिद गर्न | ६२०६६। | ३०००। | ३०औं दिनको बैंकिङ्ग समय भित्र | ३१औं दिनको १२.०० बजे भित्र | ३१ औं दिनको १३.०० बजे पछी |
| ५. | BRH/NCB/ GOODS/ 07/2080/81 | हेमाटोलोजी एनालाइजर ३ पार्टस् (Haematology Analyzer 3 ६. Parts Human) मेशिनमा लाग्ने ल्याव केमिकल्स | २७१९५। | ३,०००। | ३०औं दिनको बैंकिङ्ग समय भित्र | ३१औं दिनको १२.०० बजे भित्र | ३१ औं दिनको १३.०० बजे पछी |
| ६. | BRH/NCB/ GOODS/ 08/080/81 | KONICA MONALTA X-RAY MACHINE मा लाग्ने फ्लिम तथा सामग्री खरिदको लागि | १११६६४। | ३०००। | ३०औं दिनको बैंकिङ्ग समय भित्र | ३१औं दिनको १२.०० बजे भित्र | ३१ औं दिनको १३.०० बजे पछी |
| ७. | BRH/NCB/ GOODS/ 09/2080/81 | MISPA i ३ मेशिनमा लाग्ने केमिकल तथा अन्य सामानहरु खरिद सम्बन्धमा | १८७९३१। | ३०००। | ३०औं दिनको बैंकिङ्ग समय भित्र | ३१औं दिनको १२.०० बजे भित्र | ३१ औं दिनको १३.०० बजे पछी |
| ८. | BRH/NCB/ GOODS/ 10/2080/81 | Nova Sodium Potassium Analyser मेशिनमा लाग्ने केमिकल्स सामान वोलपत्रको माध्यमवाट खरिद | ३७६८६। | ३०००। | ३०औं दिनको बैंकिङ्ग समय भित्र | ३१औं दिनको १२.०० बजे भित्र | ३१ औं दिनको १३.०० बजे पछी |
| ९. | BRH/NCB/ GOODS/ 11/2080/81 | RANDOX IMOLA BIOCHEMISTRY मेशिनमा लाग्ने केमिकल खरिद गर्न गर्न | ५१०९८०। | ३०००। | ३०औं दिनको बैंकिङ्ग समय भित्र | ३१औं दिनको १२.०० बजे भित्र | ३१ औं दिनको १३.०० बजे पछी |
| १०. | BRH/NCB/ GOODS/ 12/2080/81 | sysmax mechine ( xn 550) मेशिनमा लाग्ने केमिकल्स सामान वोलपत्रको माध्यमबाट खरिद | १३७३६९। | ३०००। | ३०औं दिनको बैंकिङ्ग समय भित्र | ३१औं दिनको १२.०० बजे भित्र | ३१ औं दिनको १३.०० बजे पछी |

बकुलहर रत्ननगर अस्पताल

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ